# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८२/८३ को का.पा. बैठक संख्याः- १३

चैनपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय चैनपुर, संखुवासभा कोशी प्रदेश, नेपाल स्थाः २०७३

मिति-२०८२।१२।२२ बैठक प्रारम्भ- ११:०० बजे

चैनपुर नगरपालिकाका नगर प्रमुख श्री कृष्ण कुमार तामाङज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको तेह्रौं बैठक निम्न पदाधिकारीहरूको उपस्थितिमा नगर कार्यपालिकाको कार्यालयमा बसि निम्न अनुसारको निर्णयहरू गरियो।

| क्र.सं. | पद | पदाधिकारीको नामथर , | हस्ताक्षर |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री कृष्ण कुमार तामाङ | |
| २ | नगर उपप्रमुख- | श्री एलिना श्रेष्ठ | |
| ३ | सदस्य(१ नं. वडाध्यक्ष) | श्री वुद्धिमान लिम्बु | |
| ४ | सदस्य(२ नं. वडाध्यक्ष) | श्री फुर्दावा शेर्पा | |
| ५ | सदस्य(३ नं. वडाध्यक्ष) | श्री बल बहादुर अधिकारी | |
| ६ | सदस्य(४ नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| ७ | सदस्य(५ नं. वडाध्यक्ष) | श्री काली बहादुर लिम्बु | |
| ८ | सदस्य(६ नं. वडाध्यक्ष) | श्री शिखर शर्मा | |
| ९ | सदस्य(७ नं. वडाध्यक्ष) | श्री नगेन्द्र कार्की | |
| १० | सदस्य(८ नं. वडाध्यक्ष) | श्री देवराज राई | |
| ११ | सदस्य(९ नं. वडाध्यक्ष) | श्री शान्तीबहादुर कार्की | |
| १२ | सदस्य(१० नं. वडाध्यक्ष) | श्री धन बहादुर तामाङ | |
| १३ | सदस्य(११ नं. वडाध्यक्ष) | श्री तिर्थ बहादुर राउत | |
| १४ | सदस्य | श्री युव कुमारी घले गुरुङ | |
| १५ | सदस्य | श्री मञ्जु न्यौपाने शर्मा | |
| १६ | सदस्य | श्री निर्मला लिम्बु | |
| १७ | सदस्य | श्री चन्द्रावती तिखत्री | |
| १८ | सदस्य | श्री यशोदा कार्की | |
| १९ | सदस्य | श्री गंङ्गा राई | |
| २० | सदस्य | श्री शिवराज राई | |
| २१ | सदस्य | श्री सुवास राई | |
| २२ | सचिव | श्री ओमकार प्रसाद न्यौपाने | |



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८२/८३ को का.पा. बैठक संख्याः- १३

मिति-२०८२।१२।२२ बैठक प्रारम्भ- ११:०० बजे

प्रस्तावहरूः

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।

२. निर्माण व्यवसायीहरुसँग छलफल सम्बन्धमा ।

३. आयोजना बैंक सम्बन्धमा ।

४. चैनपुर अस्पतालको लागि खरिद गरिएको औषधि र केमिकलको भुक्तानी सम्बन्धमा।

५. विविध ।

क. चिस्यान केन्द्र सम्बन्धमा ।

ख. चैनपुर महोत्सव सम्बन्धमा ।

ग. कृषि जैविक विविधता संरक्षण तथा सामुदायीक वीउ बैंक सुदृढिकरण कार्यक्रम सम्बन्धमा ।

घ. उखु पेल्ने मेसिन सम्बन्धमा ।

ङ. योजना संसोधन सम्बन्धमा ।

च. रकम थप सम्बन्धमा ।

छ. कार्यक्रम संचालन सम्बन्धमा ।

ज. आर्थिक सहयोग सम्बन्धमा ।

झ. धन्यवाद तथा विदाइ सम्बन्धमा ।



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

## चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८२/८३ को का.पा. बैठक संख्याः- १३

मिति-२०८२।१२।२२ बैठक प्रारम्भ- ११:०० बजे

निर्णयहरू

<u>निर्णय नं. १.</u> प्रस्ताव नं. १ उपर छलफल गर्दा मिति २०८२/१२/१२ गते बसेको बह्रौं बैठकको समीक्षा गरियो ।

<u>निर्णय नं. २.</u> प्रस्ताव नं. २ उपर छलफल गर्दा निर्माण चैनपुर नगरपालिका अन्तर्गतका विभिन्न आयोजना सँग सम्बन्धित निर्माण व्यवसायिहरुसँगको मिति २०८२।१२।२२ गते भएको छलफलमा अधिकांश निर्माण व्यवसायीहरुले समय सिमा भित्रमा काम सम्पन्न गर्ने प्रतिबद्धता जनाएकोले सो समेतको आधारमा निर्माण व्यवसायीहरुले नियमानुसार म्याद थप गर्न निवेदन पेश गरी प्रकृया बमोजिम नगरपालिकामा आएका/आएमा तपसिल बमोजिम म्याद थप गर्ने निर्णय गरियो ।

तपसिल

क. काका निर्माण सेवा चैनपुर ६ निर्माण व्यवसायी भएको पोखरी मैदाने प्याङकोट सडक आयोजना को म्याद २०८३ असार १५ सम्म थप गर्ने

ख. स्मृति कन्स्ट्रक्सन सप्लायर्स पाँचखपन निर्माण व्यवसायी रहेको पशु अस्पताल चैनपुर भवन निर्माण आयोजनाको म्याद २०८३ वैशाख मसान्त सम्म थप गर्ने

ग. सत्यासाई निर्माण सेवा निर्माण व्यवसायी रहेको १ नं वडा कार्यालय भवन निर्माण आयोजनाको २०८३ असार मसान्त सम्म थप गर्ने

घ. साजिला कन्स्ट्रक्सन निर्माण व्यवसायी रहेको वडा नं १० आधारभूत स्वास्थ्य सेवा केन्द्रको म्याद २०८३ वैशाख मसान्त सम्प थप गर्ने ।

<u>निर्णय नं. ३.</u> प्रस्ताव नं. ३ उपर छलफल छलफल गर्दा आगामी आ ब २०८३।८४ को बजेट तथा कार्यक्रममा समावेश गर्न कोशी प्रदेश योजना आयोगको च न २८७ मिति २०८२।१२।९ को पत्रा अनुसार आयोजनाको वर्गिकरण, आधार तथा मापदण्ड निर्धारण र आयोजना बैंक व्यवस्थापन कार्यविधि, २०८२ बमोजिम आयोजनाहरु सम्वन्धित वडाबाट मिति २०८२।१२।३० गते भित्र वडा समितिबाट निर्णय गरी नगरापालिकामा पठाउने र नगर प्रमुख, उप प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, योजना अधिकृत एवं पूर्वाधार शाखा प्रमुखको समितिले आवश्यक परिमार्जन थपघट गरी तोकीएको समयभित्र आयोजना बैक सूचना प्रणाली मार्फत आयोजना प्रविष्ट गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ४.</u> प्रस्ताव नं. ४ उपर छलफल छलफल गर्दा चैनपुर नगर अस्पताल बिकास समितिको मिति २०८२।१२।२२ गतेको निर्णय बमोजिम चैनपुर अस्पताको लागि खरिद गरिएको औषधि र



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

१२/२२

## चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८२/८३ को का.पा. बैठक संख्याः- १३

मिति-२०८२।१२।२२ बैठक प्रारम्भ- ११:०० बजे

केमिकलको भुक्तानी अस्पताल विकास तथा व्यवस्थापन समितिबाट प्राप्त हुने रु २५००००० तथा बाँकी रकम रु ८६३९४१।८० गरी रकम रु ३३६३९४१।८० भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ५. विविध

क. चैनपुर नगरपालिकामा चिस्यान केन्द्र नरहेको र १०० मे ट क्षमताको चिस्यान केन्द्र आवश्यक भएकोले चैनपुर नगरपालिकाको स्वामित्वमा रहेको कि न १४३ क्षेत्रफल ~~३५८~~ २८७० व मि को जग्गामा यतायता सुविधा पुगेको विद्युत सुविधा समेत भएको हुँदा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको च न ५१९ मिति २०८२।१२।१७ को पत्रानुसार चिस्यान केन्द्र बनाउन अनुमानित लगत रु १५००००००।-(रु एक करोड पचास लाख ) मध्ये आगामी आ व मा नगरपालिकाबाट ५० प्रतिशत साझेदारी गर्ने गरी बजेट व्यवस्थापन गरिदिन सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।साथै ऐ मन्त्रालयको च नं ५१८ बमोजिमको हाटबजार व्यवस्थापन सन्दर्भमा वर्तमानमा रहेका संरचना बाट संचालन गर्ने निर्णय गरियो ।

ख. चैनपुर मोहत्सव तथा भ्रमण बर्ष २०८२ कार्यक्रमक संचालन नगर्ने सम्बन्धमा कार्यापालिकाबाट निर्णय भैसकेको हुदाँ उक्त कार्यक्रमको नगरपालिका तर्फको बजेट व्यवस्थापन सन्दर्भमा आगामि कार्यापालिकामा छलफल गरी निष्कर्षमा पुग्ने निर्णय गरियो ।

ग. यस पहिले कृषि जैविक विविधता संरक्षण तथा सामुदायीक बीउ बैक सुदृढिकरण कार्यक्रमको शन्दर्भमा जे निर्णय भएको भएता पनि एक पालिका एक बीउ वैक स्थापना गर्ने कार्यक्रम भएको हुँदा प्रस्ताव पेश गरेका तीनै वटा सहकारीहरु सँगको सहकार्यमा खराङ मनकामना साना कृषि सहकारी संस्थाले उक्त कार्यक्रम संचालन गर्ने गरी सम्झौता गर्ने निर्णय गरियो ।

घ. उखु पेल्ने मेसिन सम्बन्धमा मिति २०८२/१२/१२ गतेको कार्यपालिकाले कृषक सँगको साझेदारी प्रतिशत सम्बन्धमा वडा कार्यालयहरुले कृषक / संस्थाहरुसगँ छलफल गरी आगामी कार्यापालिका बैठकबाट वितरण गर्ने निर्णय गरिएको हुँदा कृषकहरुको आयस्तर तथा हितलाइ ध्यानमा राखी उक्त मेसिनको कृषक साझेदारी २० प्रतिशत कायम गरी तपसिल बमोजिमको कृषक/संस्थाहरुलाइ वितरण गर्ने निर्णय गरियो ।

तपसिल

१. तीनखोप्रे उखु उत्पादन कृषक समुह चैनपुर ३ थान १
२. थिर बहादुर पाण्डे सिंहदेवी टोल विकास संस्था चैनपुर १० थान १
३. शिव कुमारी राई धर्मदेवी टोल विकास संस्था चैनपुर १० थान १
४. रामचन्द्र कटुवाल कुवापानी खाल्डे टोल विकास संस्था चैनपुर १० थान १



द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी नगरपालिका कार्यालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

# चैनपुर नगरपालिका, चैनपुर, संखुवासभा

आ.व. ०८२/८३ को का.पा. बैठक संख्याः- १३

मिति-२०८२।१२।२२ बैठक प्रारम्भ- ११:०० बजे

५. भैरव कृषि फर्म चैनपुर ११ थान १

६. जनहित सामुदायिक संस्था चैनपुर ११ थान १

ङ. ११ नं वडा कार्यालय अन्तर्गतका तपसिल बमोजिमका योजना वडा कार्यालयको सिफारिस अनुसार संसोधन गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र सं | योजनाको नाम | संसोधित नाम | विनियोजित रकम | कै |
|---|---|---|---|---|
| १ | आँप लिची सुन्तला र कागतीको विरुवा खरिद | मलामी खाजा घर निर्माण | रु २०००००।- | मिलिजुलि टोल विकास संस्था |
| २ | बाझोबारी अदुवा तथा बेसार खेती प्रवर्द्धन | अदुवाको बिउ खरिद | रु २०००००।- | |

च. ११ नं वडा कार्यालय अन्तर्गतको अम्बोटे खानेपानी टयाङ्की निर्माण शिर्षकमा अपुग रकम पुर्वाधार शाखा शिर्षकबाट रु १००००० रकम थप गर्ने निर्णय गरियो ।

छ. महिला बालबालिका शाखाबाट स्वीकृतीकालागि आएका कार्यक्रम शाखाबाट तोकीएबमोजिम नै संचालन गर्ने निर्णय गरियो ।

ज. कुल प्रसाद भण्डारी चैनपुर ६ लाइ रु ४००० साथै सुर्य बहादुर श्रेष्ठ चैनपुर ७ लाइ रु ३५००० आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

झ. यस कार्यालयमा लामो समयदेखि सेवा गर्दै आउनुभएका इन्जिनियर रिवज खत्रीले मिति २०८२।१२।१५ गते राजिनामा दिनुभएको हुँदा उक्त राजिनामा स्वीकृत गरी निजले हाल सम्म पालिकालाइ दिनुभएको सेवालाइ उच्च कदर गर्दै धन्यबाद सहित विदाइ गर्ने निर्णय गरियो ।

उल्लिखित निर्णयहरू गर्दै आजको बैठक ७:३० बजे यही अन्त्य गरियो ।